# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ०१/०७८/०७९

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७८/०४/११

उपस्थितिः

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत | श्री अम्बिका प्रसाद चौलागाईँ | उपस्थित |
| अधिकृत छैठौँ | श्री डेनजनी आचार्य | उपस्थित |
| अधिकृत छैठौँ | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक चौथो | श्री सौजन कटुवाल | उपस्थित |

**बैठक संख्या १/०७८/०७९   अर्जुनधारा नगर कार्यपालिकाको बैठक   मिति २०७८/०४/११**

मिति २०७८ साल श्रावण ११ गतेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु गरियो ।

१. यस अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को लागि स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा नगरस्तरीय योजना, विषयगत शाखाहरुबाट सञ्चालन हुने तथा वडास्तरमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्य योजना २०७८ श्रावण २५ गते भित्र तयार गरी कार्यपालिका बैठकमा पेश गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

   साथै, चालु आर्थिक वर्षमा उपभोक्ता समिति मार्फत सञ्चालन हुने नगरस्तरीय तथा वडास्तरीय योजनाहरु सञ्चालन गर्न आगामी भाद्र १५ गते भित्र उपभोक्ता समिति गठन गर्न निर्देशन दिने निर्णय गरियो ।(योजना शाखा)

२. झापा जिल्लाका चार वटा स्थानीय तहहरु अर्जुनधारा नगरपालिका, बिर्तामोड नगरपालिका, कनकाई नगरपालिका र बुद्धशान्ती गाउँपालिका एवं प्रदेश सहयोग कार्यक्रमको समन्वय एवं सहकार्यमा स्थापना हुने एकिकृत विपद् व्यवस्थापन केन्द्र निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापन गर्ने सन्दर्भमा मिति २०७८ साल श्रावण ३ गते यस अर्जुनधारा नगरपालिकामा आयोजना गरिएको सरोकारवाल पक्षहरुको बैंठकबाट अर्जुनधारा नगरपालिका वडा नं ११ स्थित देउनिया किनारमा रहेको करिब ६ विगाहा सार्वजनिक जग्गा एकिकृत विपद् व्यवस्थापन केन्द्र स्थापनाका लागि उपयुक्त हुने भएकाले उक्त ६ विगाहा सार्वजनिक जग्गा संरक्षण गर्दै उक्त जग्गाको पूर्वमा कालोपत्रे सडक, पश्चिममा कच्ची सडक, उत्तर तर्फ कच्ची सडक र दक्षिण तर्फको बाँकी जग्गा रहने गरी २ विगाहा जग्गा उपभोग अनुमतिका लागि जिल्ला प्रशासन कार्यालय झापामा अनुरोध गर्ने निर्णय भएकाले सो निर्णय कार्यान्वयनका सम्बन्धमा जिल्ला प्रशासन कार्यालय मार्फत जग्गा प्राप्ति समितिमा अनुरोध गर्ने निर्णय गरियो ।(योजना/ प्रशासन)

३. मिति २०७८/०४/ गते बसेको नगरस्तरीय कोभिड महामारी व्यवस्थापन केन्द्रको निर्णय तथा मिति २०७८/०४/११ गते बसेको नगरस्तरीय खोप समन्वय समितिको बैठकको निर्णय जानकारी भई अनुमोदन गरियो ।

   उक्त निर्णयानुसार यस नगरपालिकामा मिति २०७८/०४/१३ गतेबाट १६ गते सम्म कोभिड १९ विरुद्धको भेरोसिल खोप कार्यक्रम सञ्चालन हुने भएकाले वडा कार्यालय तथा स्वास्थ्य संस्थाका सबैं कर्मचारी तथा स्वसास्थ्य कर्मीहरुलाई खोप व्यवस्थापन तथा अनुगमनमा खटाउने र नगर कार्यपालिकाको कार्यालयका केही कर्मचारीहरुमा कोभिड पुष्टी भएकाले अन्य कर्मचारीहरु आइसोलेसनमा बस्नुपर्ने भएकाले आवश्यक सतर्कता तथा सावधानीका लागि नगर कार्यपलिकाको कार्यालयबाट प्रदान गरिने अत्यावश्यक बाहेकका अन्य सेवा मिति २०७८/०४/१२ गतेबाट र वडा कार्यालयबाट प्रदान गरिने अत्यावश्यक बाहेकका अन्य सेवा तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिक तथा प्रसुति बाहेकका अन्य सेवा मिति २०७८/०४/१३ गतेबाट स्थगित गर्ने र परिस्थिती एवं जोखिमको मूल्यांकन गरी कार्यालयले निर्णय गरी सेवा सुचारु गर्ने निर्णय गरियो ।(प्रशासन)

४. नदीजन्य सामाग्रीको उत्खननका लागि निषेधित अवस्थामा अवैंध रुपमा नदीहरुबाट नदीजन्य सामाग्री उत्खनन तथा अवैध ओसारपसार गर्ने सवारी साधन नियन्त्रण गर्ने प्रहरीलाई नियन्त्रित सवारी साधनको जरिवाना रकमको ४० प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।(राजश्व/ आर्थिक प्रशासन)

५. गत आर्थिक वर्ष २०७७/०७८ मा यस अर्जुनधारा नगरपालिकाबाट नदीजन्य सामाग्री उत्खनन तथा विक्री वितरणका लागि ठेक्का बन्दोवस्त भएकामा सम्मानिति सर्वोच्च अदालतको आदेशानुसार ठेक्का सम्झौता बमोजिम नदीजन्य सामाग्री उत्खनन तथा विक्री वितरण स्थगन भई सम्बन्धित ठेकेदारबाट ठेक्का बापत बुझाएको रकम फिर्ताका लागि निवेदन प्राप्त भएकोमा सो अनुसार के कति रकम फिर्ता गर्नु पर्ने हुन्छ, अध्ययन गरी आगामी

कार्यपालिकाको बैठकमा पेश गर्न उपप्रमुखज्यूको संयोजकत्वमा गठित समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।(योजना शाखा)

६. चालु आर्थिक वर्ष २०७८/०७९ मा यस नगरपालिका भएर वहने नदीहरुबाट उत्खनन तथा विक्री वितरण हुनसक्ने नदीजन्य सामाग्रीको अध्ययनका लागि यस नगरपालिकाका नदीहरुको प्रारम्भिक वातावरणीय परीक्षण (I.E.E.) गरी प्रतिवेदन पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(योजना शाखा)

७. यस नगरपालिकाका लागि चालु आर्थिक वर्ष २०७८/०७९ मा नेपाल सरकार, १ नं प्रदेश सरकारबाट प्राप्त हुने समपुरक तथा विशेष अनुदानबाट सञ्चालन हुने योजना कार्यान्वयनका ठेक्का बन्दोवस्तीको आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(योजना/ प्राविधिक शाखा)

८. अर्जुनधारा नगरपालिकाको आइतबारे बजार पशु चौपाया विक्री कर र साप्ताहिक हाट बजार कर खुदुनाबारको आय संकलन ठेक्का नं AM/IR/8/078/079 को लागि तोकिएको म्याद भित्र पेश भएको श्री मनकामना ट्रेडर्स, अर्जुनधारा -३ झापाले रु ३९,६२,०००/- (उन्चालिस लाख बैसट्ठी हजार मात्र) कबोल गरी पेश गरेको ठेक्का स्वीकृतिका लागि बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई आए बमोजिम उक्त श्री मनकामना ट्रेडर्स, अर्जुनधारा -३ झापाको ठेक्का प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।साथै, जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी निषेधाज्ञाका कारण साप्ताहिक हाट बजार बन्द रहेकाले निषेधाज्ञा हटी हाटबजार नियमित सुचारु भएपश्चात कबोल अंकलाई दामासाहीले हिसाब गरी हुन आउने रकम अनुसार ठेक्का सम्झौता गर्ने निर्णय गरियो ।(राजश्व शाखा)

९. अर्जुनधारा नगरपालिकामा घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यवधि, २०७४ को दफा २ को उपदफा (४ ) बमोजिम रियासा निर्माण सेवा, अर्जुनधारा-६ लाई नयाँ इजाजतपत्र जारी गर्ने निर्णय गरियो ।(योजना शाखा)

१०. नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७८/०७९ मा आपूर्ती गरिने मसलन्द, खाना खाजा, सूचना लगायतको सेवाका लागि कार्यालयबाट दररेट माग गरी सार्वजनिक सूचना प्रकाशन गरी दररेट कायम गरी सोही बमोजिम आपूर्ती व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(प्रशासन/आर्थिक प्रशासन)

११. अर्जुनधारा नगरपालिकाबाट प्रस्तावित औद्योगिक ग्रामका लागि छुट्याइएको सार्वजनिक जग्गा अतिक्रमण भएको भन्ने बुझिन आएकाले सो जग्गाको संरक्षण तथा यस नगरपालिका क्षेत्र भित्र रहेका अन्य सार्वजनिक सरकारी अचल सम्पत्तीहरुको अभिलेख अद्यावधिक गरी ती सम्पत्तिहरुको यथोचित संरक्षण गर्नु समेत आवश्यक रहेकाले सरकारी तथा सार्वजनिक अचल सम्पत्तिको अभिलेख संकलन तथा सम्पत्ति संरक्षणका लागि कार्यालयका अमिन तथा जिन्सी शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।(योजना/ जिन्सी)